# नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# कम्पनी रजिष्ट्रारको कार्यालय
## त्रिपुरेश्वर काठमाण्डौं ।

## नयाँ सफ्टवेयर मार्फत सेवा प्रवाह सम्वन्धी सूचना

कम्पनी रजिष्ट्रारको कार्यालयवाट प्रवाह गरिने सेवालाई पुर्ण रुपमा अनलाईन प्रणालीमा आवद्ध गरी Faceless सेवा प्रदान गर्ने उद्देश्यले कार्यालयले निर्माण गरेको नयाँ सफ्टवेयर (Company Administration Management Information System- CAMIS) मिति २०८१/०३/२१ गते देखि चरणवद्ध रुपमा कार्यान्वयनमा ल्याउन लागिएको व्यहोरा जानकारी गराउँछौं । उक्त सफ्टवेयरको कार्यान्वयनलाई सरल, सहज र प्रभावकारी वनाई गुणस्तरीय सेवा प्रवाह गर्न कार्यालयमा दर्ता भएका कम्पनी, कम्पनीका शेयरधनी एवं संचालक तथा अन्य सरोकारवालालाई देहायका विषयहरु अवगत गराउदै कार्यान्वयनको लागि रचनात्मक सहयोग तथा सहजीकरण एवं आवश्यक पुर्वतयारी गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ ।

- सेवा प्रवाहलाई पुर्ण रुपमा अनलाईन प्रणालीमा आवद्ध गरी सेवा लिन भौतिक रुपमा कार्यालयमा आउनु नपर्ने अवस्था सिर्जना गर्न खोजिएको छ । प्रारम्भमा नयाँ कम्पनी दर्ता गर्दा यस व्यवस्थाको पुर्ण रुपमा कार्यान्वयन गरिनेछ भने दर्ता पश्चातका क्रियाकलाप (Post Registration Activities) हरुको हकमा क्रमश: पुर्ण रुपमा लागु गरिने भएकोले कम्पनीहरुले आफ्नो नाम ठेगाना सम्पर्क नं. लगायतका कम्पनीसँग सम्बन्धित विवरणहरु अद्यावधिक गर्नु हुन यसै सूचना द्वारा जानकारी समेत गराईन्छ ।
- विद्यमान सुचना प्रणालीमा कम्पनीको प्रोफाइल (Profile) मा छुट भएका कम्पनीका शेयरधनी/संचालकहरुका अत्यावश्यक विवरणहरु डाटा स्थानान्तरणको प्रकृयामा नयाँ सफ्टवेयरमा भर्नुपर्ने व्यवस्था गरिएको छ । साथै स्थानान्तरणको प्रकृया वाह्य युजर (External User) स्वयंले अगाडि वढाउनुपर्नेछ । डाटा स्थानान्तरण नभएसम्म अन्य कुनै पनि कामको अभिलेखको लागि अनुरोध गर्न नमिल्ने व्यवस्था गरिएको छ ।

- कार्यालयको नयाँ सफ्टवेयर अर्थात कम्पनी प्रशासन व्यवस्थापन सुचना प्रणाली (CAMIS) कार्यान्वयन भए पश्चात् कार्यालयको विद्यमान सूचना प्रणालीमा कम्पनी दर्ताको आवेदन गर्न नमिल्ने र CAMIS मा आवेदन गरी दर्ता भएका कम्पनीहरुको दर्ता पश्चातको सम्पुर्ण क्रियाकलापहरु समेत यसै सफ्टवेयर वाट सम्पादन गरिनेछ।
- कार्यालयवाट प्रमाणित गर्नुपर्ने चिठ्ठीपत्र तथा अन्य कागजातहरु विद्युतीय हस्ताक्षर (Digital Signature) मार्फत प्रमाणित गर्ने र प्रमाणित भएका उक्त चिठ्ठीपत्र तथा कागजातहरु सेवाग्राहीले आफ्नो युजर लग इन गरी ड्यासवोर्ड वाट प्रिन्ट गरी प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ।
- कम्पनी संस्थापना गर्न वा कम्पनीमा शेयरधनी भई लगानी गर्न चाहने नेपाली नागरिकले अनिवार्य रुपमा व्यक्तिगत प्यान नं उल्लेख गरी आवेदन गर्नुपर्नेछ ।
- नेपाल सरकार, गृह मन्त्रालयले नेपाल राजपत्र भाग ५, खण्ड ७४, संख्या १५, मिति २०८१/०३/१० मा प्रकाशन गरेको सूचनामा मिति २०८१।०४।०१ देखि कम्पनी दर्ता तथा नवीकरण सम्वन्धी सेवा प्रवाह गर्दा अनिवार्य रुपमा राष्ट्रिय परिचयपत्र पेश गर्नुपर्ने व्यवस्था गरेकोले कम्पनी दर्ता गर्दा वा खरीद विक्री मार्फत नयाँ शेयरधनी कायम हुँदा अनिवार्य रुपमा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ । कम्पनी संस्थापना गर्न वा कम्पनीमा लगानी गर्न चाहने नेपाली नागरिकले अनिवार्य रुपमा व्यक्तिगत प्यान तथा राष्ट्रिय परिचयपत्र लिनुहुन जानकारी गराइन्छ ।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग र कम्पनी रजिष्ट्रार कार्यालयको विद्युतीय सूचना प्रणालीवीच अन्तरआवद्धता गरी राष्ट्रिय परिचयपत्रको भेरिफिकेसन गर्ने साथै राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको सूचना प्रणालीमा भएको व्यक्तिगत विवरण कार्यालयको सूचना प्रणालीमा Automatically Populate हुने व्यवस्था मिलाइएको हुँदा कम्पनी दर्ताको आवेदन फाराम भर्दा त्यस्ता विवरणहरु प्रविष्ट गर्न नपर्ने व्यवस्था मिलाइएको छ ।
- सफ्टवेयर कार्यान्वयनको प्रारम्भिक चरणमा कार्यालयमा कार्यरत कर्मचारीहरु (Internal User) को लागि मात्र डिजिटल हस्ताक्षरको प्रयोग गरिएको छ । हाललाई वाह्य युजरको लागि यो व्यवस्था स्वेच्छिक गरिएको छ । डिजिटल हस्ताक्षर प्रयोग गर्न चाहने कम्पनी वा

शेयरधनी/संचालकले डिजिटल हस्ताक्षर खरीदको लागि नेपाल सरकारवाट इजाजत प्राप्त कम्पनीसँग सम्पर्क र समन्वय गरी आवश्यक पुर्वतयारी गर्नुहुन अनुरोध गरिन्छ ।

- नयाँ सफ्टवेयरको सहज प्रयोगको लागि कार्यालयको वेवसाइट www.ocr.gov.np मा गई System User Manual or Video manual हेर्न सक्नु हुनेछ ।
- यस सम्वन्धमा थप जानकारी आवश्यक परेमा कार्यालयमा उपस्थित भई वा कार्यालयको सुचना प्रविधि सहायता कक्षको सम्पर्क नं. ०१-५३६३०९०/५३५९९६१ मा सम्पर्क गरी वा इमेल support@ocr.gov.no मा इमेल मार्फत जिज्ञासा राखी थप जानकारी लिन सक्नुहुनेछ ।
- कार्यालयको सुचना प्रणालीलाई थप व्यवस्थित र चुस्त वनाउने सम्वन्धमा यहाँहरुको केही अमुल्य सुझाव भए कार्यालयमा स्वयं उपस्थित भई वा कार्यालयको आधिकारिक इमेल www.info@ocr.gov.np मार्फत सुझाव पेश गर्नुहुन समेत अनुरोध गरिन्छ ।

रजिष्ट्रार
कम्पनी रजिष्ट्रारको कार्यालय